# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः ९ मितिः २०७८/०३/२५

## भाग-२

## भरतपुर महानगरपालिकाको बालक्लव/सञ्जाल गठन तथा सजीकरण निर्देशिका, २०७८

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बाग्मती प्रदेश, नेपाल

Scanned with CamScanner

# बालक्लब/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका

२०७८

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर

चितवन ।

Scanned with CamScanner

# बालक्लब/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७८

स्विकृत मिति २०७८/०३/०६

प्रमाणिकरण मिति २०७८/०३/२५

**प्रस्तावना**

नेपालको संविधानको मौलिक हकमा उल्लेख भएको बालबालिकाको सहभागिताको अधिकार तथा नागरिकहरूको सङ्गठन स्वतन्त्रता र शान्तिपूर्ण भेला हुन पाउने अधिकारको व्यवहारिक कार्यान्वयनमा सहयोग पुऱ्याउन, बालबालिका सम्बन्धी ऐन, २०७५ अनुरुप स्थानीय बालअधिकार कार्यविधि, २०७६ बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७६ को मर्म अनुरुप महानगर अन्तर्गत बालक्लब गठन तथा सहजीकरण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी ढङ्गले लागू गर्न/गराउन सहयोग पुगोस् भन्ने उद्देश्यले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १ : प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

क) यस निर्देशिकाको नाम "बाल क्लब/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका २०७८" रहेको छ।

ख) यो निर्देशिका नगरकार्यपालिकाको बैठकले स्वीकृत गरे पश्चात लागू हुनेछ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा ............

**(क) महानगरपालिका :** महानगरपालिका भन्नाले भरतपुर महानगरपालिका र यस अन्तर्गत रहने वडा कार्यालय समेतलाई जनाउने छ।

Scanned with CamScanner

(ख) **सेवा प्रदायक कार्यालय :** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह अन्तर्गत सेवा प्रवाह गरिरहेका कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी, गैर सरकारी सामाजिक संघसंस्था तथा यस्ता अन्य निकायहरूलाई जनाउने छ ।

(ग) **बालक्लब :** भन्नाले यस निर्देशिका बमोजिम गठन भई महानगरपालिकामा सूचीकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको सङ्गठन (समूह) लाई जनाउने छ । यस शब्दले समुदाय, टोलविकास संस्था, विद्यालयमा गठित बालक्लबलाई समेत जनाउनेछ ।

(घ) **बाल सञ्जाल :** भन्नाले यस निर्देशिका बमोजिम टोल विकास संस्था, विद्यालय र समुदायस्तरमा गठन भएका बाल क्लबहरूको प्रतिनिधित्व हुने गरी वडा स्तरमा गठन भएको बाल सञ्जाललाई जनाउने छ । बाल सञ्जाल वडा स्तर र नगरस्तरमा गठन भएका हुनेछन् ।

(ङ) **सहयोगी संस्था :** भन्नाले भरतपुर महानगर भित्र बाल सञ्जाल सञ्चालनमा सहयोग गर्ने तथा बाल सहभागिताका विभिन्न कायर्क्रमहरू सञ्चालन गरिरहेका अनुमति प्राप्त दर्ता भएका गैरसरकारी सामाजिक संघ सस्थाहरूलाई जनाउने छ ।

(च) **सरंक्षक शिक्षक :** भन्नाले विद्यालय तहमा गठन भएका बालक्लबलाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ ।

(छ) **बालमैत्री अभियन्ता/सहजकर्ता :** भन्नाले बाल क्लब/सञ्जाल गठन, परिचालन तथा सहजीकरणका लागि सम्बन्धित टोल विकास संस्थाबाट तोकिएको व्यक्तिलाई जनाउनेछ । साथै वडास्तरीय बाल सञ्जाल गठन, परिचालन तथा सहजीकरण र बालबालिकाको सर्वोत्तम हितका लागि कार्य गर्न सम्बन्धित वडा समितिले जिम्मेवारी तोकेको प्रतिनिधिलाई जनाउनेछ ।

## ३. निर्देशिकाको उद्द्श्ेय:

**यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छ :**

(क) बालबालिकाको सङ्गठन (समूह) स्वतन्त्रताको अधिकारलाई व्यवस्थित्त र प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) बालक्लब/सञ्जालको गठन, सञ्चालन तथा सहभागितालाई अर्थपूर्ण, नैतिक, सुरक्षित र पारदर्शी तथा समावेशी बनाउने ।

(ग) बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७६ को प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) स्थानीय तहका विकासका हरेक प्रक्रियामा सार्थक रुपमा बाल प्रतिनिधित्व गराउदै बालमैत्री पूर्वाधार निर्माण र विकासमा टेवा पुऱ्याउने ।

**४. निर्देशिकाको कार्यान्वयन देहाय अनुसार हुनेछ ।**

(क) बाल क्लब/सञ्जाल गठन तथा सहजीकरणका लागि यस निर्देशिका बमोजिम कार्यान्वयन गर्नु गराउनु महानगरको दायित्व हुनेछ ।

(ख) बाल सहभागिता तथा बाल सहजीकरणमा क्रियाशील राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी सामाजिक संघसंस्था तथा विकासका साझेदारहरूले यस निर्देशिकाको अवलम्बन गर्नु/गराउनु जिम्मेवारी हुनेछ ।

## परिच्छेद २ :

## बाल क्लब तथा बाल सञ्जाल सम्बन्धी व्यवस्था

### २.१. बालक्लब/सञ्जालको परिभाषा :

सामान्यतया ८ वर्ष देखि १८ वर्ष सम्मका बालबालिका सजिलै भेला हुने र एक आपसमा समावेशी रुपमा सङ्गठित भै आफ्ना विचार र भावना साटासाट गरी आफ्नो तथा आफू सरहका दौतरी (साथी) को हक, अधिकार तथा सहभागिताको प्रवर्द्धन गर्ने साझा उद्धेश्यका साथ स्थानीय स्तरमा स्थापना भएका वा कार्यरत समूहलाई नै बालक्लबको रुपमा चिनाइएको छ । बालबालिका आफ्नो र संमाजको साझा उद्धेश्य प्राप्तिको लागि सहभागितामूलक ढङ्गले सक्रिय रुपमा अग्रसर गराउन बालक्लब/सञ्जालको गठन तथा परिचालन गर्ने नीति लिइएको छ । यसलाई एक स्वतन्त्र तथा सृजनात्मक प्रक्रियाको प्रयोगमा बढी जोड दिईएको छ ।

अधिकारमुखी अवधारणाको शुरुवात र लोकतान्त्रिक मूल्य मान्यताको अवलम्बन तथा सुशासनको आधार स्तम्भका रुपमा बालक्लब/बालसञ्जाललाई लिइएको छ । बालबालिकासँग सम्बन्धित नीति, निर्णय, विधि,

Scanned with CamScanner

प्रक्रिया तथा विचारको अभिव्यक्तिको स्वतन्त्र रुपमा उपयोग गर्न पाउने र अरुको विचार सुनेर वहसमा भाग लिने अवसर तथा समाज विकासको लागि लोकतान्त्रिक अभ्यासका रुपमा यसलाई हेरिएको छ, जसले बालबालिकाको अर्न्तनिहित क्षमतालाई प्रोत्साहित र अभिप्रेरित गर्दै सिर्जनशील बनाउन सहयोग पुऱ्याउछ ।

**२.२. बालक्लब /सञ्जाल गठनको उद्धेश्य :**

क) स्थानीय स्तरमा बालअधिकारको संरक्षण, सम्बर्द्धन र व्यवहारिक कार्यान्वयनका लागि सङ्गठित भई सचेतना अभिवृद्धि गर्ने ।

ख) बालबालिकाको उच्चतम हितका लागि सरोकारवाला र साझेदार निकाय तथा अन्य सामाजिक संघसस्थासँग शैक्षिक गतिविधि तथा रचनात्मक क्रियाकलापका लागि समन्वय र सहकार्य गर्ने ।

ग) बालबालिकाको व्यक्तित्व विकास र सिर्जनात्मक क्षमता अभिवृद्धिका लागि बाल सहभागिताको प्रवर्द्धन गर्ने ।

घ) बालबालिका बीच आपसी मेलमिलाप तथा सहिष्णुताको भावना विकास गरी बालबालिकामा पर्न जाने नकारात्मक प्रवृति र विकृति विरुद्धमा एकजुट हुन र सामाजिक परिवर्तनको संवाहकका रुपमा विकास हुने ।

## २.३. बाल क्लबका किसिम र गठन सम्बन्धी व्यवस्था :

**(क) समुदायमा आधारित बाल क्लब :**

बाल क्लब सामान्य अवस्थामा पच्चिस जना वा सो भन्दा बढी बालबालिका भेला भई टोल विकास संस्था अन्तर्गत बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार प्रसार र अनुगमन गर्न गठन गरिएको समूहलाई नै समुदायमा आधारित बालक्लब मानिनेछ । समुदायमा आधारित बालक्लब गठनगर्दा देहायका बुँदाहरुलाई समेटिएको हुनेछः

(अ) समुदायमा आधारित बालक्लब निश्चित भूगोल भित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका बालक्लवहरुलाई बुझाउने छ ।

Scanned with CamScanner

(आ) बालक्लवहरु कुनै टोल, बस्ती वा वडा भित्रका कुनै स्थानमा गठन गर्न सकिनेछ ।

(इ) बालक्लबले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, धर्म, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

(ई) बालक्लबमा उक्त क्षेत्र भित्र सामान्यतया छ महिना वा सो भन्दा बढी स्थायी वा अस्थायी बसोबास भएको बालबालिका मात्र सदस्य बन्न सक्नेछन् । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

क) अध्यक्ष : १ जना

ख) उपाध्यक्ष : १ जना

ग) सचिव : १ जना

घ) सहसचिव : १ जना

ङ) कोषाध्यक्ष : १ जना

च) सदस्य : ४ देखि ६ जनासम्म

छ) सल्लाहकार समिति : ३ सदस्यीय बनाउन सकिनेछ ।

ज) सहजकर्ता : १ जना

**(ख) विद्यालयमा आधारित बाल क्लब :**

महानगर क्षेत्रभित्र रहेका विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेर उक्त विद्यालय भित्र बालअधिकार अनुगमन तथा प्रवर्द्धन गर्न गठन भएका बाल क्लबलाई विद्यालयमा आधारित बाल क्लब भनिनेछ । उक्त बालक्लब गठन गर्दा देहायका बुदाँहरुलाई समेट्नु पर्नेछ :

(अ) सम्बन्धित विद्यालय भित्रका सबै जातजाति, कक्षा, लिङ्ग, धर्म र आर्थिक तथा शारीरिक अवस्थाबाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ ।

Scanned with CamScanner

(आ) बाल क्लबमा सदस्य बन्ने बालबालिका उक्त विद्यालयमा अध्ययनरत हुनुपर्नेछ ।

(इ) एक विद्यालयमा एक बाल क्लब रहनेछ । विभिन्न उमेर र विषयगत बाल क्लबहरु सोही बाल क्लब अन्तर्गत उपसमूहका रुपमा क्रियाशिल हुन सक्नेछन् ।

(उ) विद्यालयस्तरका बालक्लव गठन गर्दा उमेर समूहको प्रतिनिधित्व गराउनु पर्नेछ ।

**(ग) विषयगत बाल क्लब :**

विषयगत रुपमा निश्चित विषयहरू जस्तै बालिकाहरूको मात्र सवाल, बाल विवाह, स्वास्थ्य तथा सरसफाई, जलवायु परिवर्तन, बालश्रम, एचआइभी तथा एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढङ्गले विषयगत बाल क्लब गठन गर्न सकिनेछ । उक्त विषयगत बालक्लव गठन गर्दा देहायका बुदाँलाई ध्यान दिनुपर्नेछ :

(अ) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त मात्रामा सम्वोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका बाल क्लबलाई विषयगत बालक्लव मानिने छ ।

(आ) विद्यालयभित्र यस्ता किसिमका बालक्लव गठन भएमा उक्त समूहलाई विद्यालयस्तरीय बालक्लबकै उपसमूह मानिने छ ।

(इ) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयंसेवा अभियान तथा सङ्गठनहरू, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका विशिष्टीकृत निकायले विशेष प्रकृतिका संस्थागत बालक्लव गठन गर्न सक्नेछन् ।

**घ) वडास्तरीय बालसञ्जालको गठन :**

वडा भित्रका विद्यालय, टोलविकास संस्था तथा समुदाय तहमा गठन भएका बालबालिकालाई वडा स्तरमा एकीकृत गरी एक वडास्तरीय बालसञ्जाल गठन गर्न सकिने छ । उक्त वडास्तरीय बालसञ्जाल गठन गर्दा देहायका प्रक्रिया अवलम्बन गरिनेछ ।

(क) वडाभित्र रहेका बालक्लबहरुको प्रतिनिधित्व हुने गरी वडास्तरीय बाल सञ्जाल गठन गरिनेछ ।

(ख) वडास्तरीय बालसञ्जाल गठन गर्दा वडास्तरमा रहेका, समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल क्लबहरूहरुका प्रतिनिधिहरुलाई सम्मिलित गराईने छ ।

(ग) बाल सञ्जालले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित भएको हुनुपर्नेछ ।

(घ) वडामा रहेका सबै टोल एवं विद्यालयस्तरीय बाल क्लबहरुको एक जना बालिका सहित दुई जना बालबालिकाको प्रतिनिधित्व हुने गरी भेलाको आयोजनाबाट वडास्तरीय बाल सञ्जालको गठन गरिनेछ । जसमा देहायं बमोजिमका पदाधिकारीहरु हुनेछन् ।

१) अध्यक्ष : १ जना

२) उपाध्यक्ष : १ जना

३) सचिव : १ जना

४) सहसचिव : १ जना

५) कोषाध्यक्ष : १ जना

६) सदस्य : ६ देखि ८ सदस्यहरु

७) सल्लाहकार समिति : पूर्व बालक्लव/सञ्जालको तर्फबाट एक जना, टोल विकास संस्था/वडासमितिले तोकेको एक–एक जना सहित ३ जना

८) बालमैत्री सहजकर्ता/अभियन्ता : १ जना (वडा समितिले तोकेको)

**(ङ) नगरस्तरीय बाल सञ्जाल :**

(अ) वडा स्तरमा सूचीकृत भएका बाल क्लब/सञ्जालहरू एक आपसमा भेला भई विभिन्न अभियानहरूलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरूलाई एकत्रित गर्न नगरस्तरीय बालक्लब सञ्जाल गठन गर्न सकिनेछ ।

Scanned with CamScanner

(आ) नगर वाल सञ्जालले सम्वन्धित भूगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत, शारीरिक अवस्था कमजोर एवम् अपाङ्गता भएका बालबालिकालाई समेत समेट्नु पर्नेछ । साथै उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

(इ) वाल क्लव/सञ्जालमा जतिसुकै उमेर समूहका बालबालिका रहेता पनि बान्ह देखि अठार वर्ष उमेर समूहले नेतृत्व गरेका हुनेछन् ।

(ई) महानगरका २९ वटै वडाहरुमा रहेका वालसञ्जालहरुवाट एक जना बालिका सहित दुई जना बालवालिका सहित सवै वडाका वडास्तरीय वालसञ्जालको प्रतिनिधित्व हुने गरी बाल भेलाको आयोजना गरी महानगरमा एक नगरस्तरीय बाल सञ्जालको गठन गरिनेछ । जसमा देहाय वमोजिमका पदाधिकारीहरु हुनेछन् ।

**नगर स्तरीय वालसञ्जालमा देहायका पदाधिकारीको व्यवस्था गरिएको छ,**

| | |
|---|---|
| क) अध्यक्ष | : १ जना |
| ख) उपाध्यक्ष | : १ जना |
| ग) सचिव | : १ जना |
| घ) सहसचिव | : १ जना |
| ङ) कोषाध्यक्ष | : १ जना |
| च) सदस्य | : २४ जना वडागत सदस्यहरु (समावेसीका आधारमा) |
| छ) सल्लाहकार | : ३ जना |
| ज) सहजकर्ता | : सम्वन्धित शाखा |

नगर वालसञ्जालको वैठकमा गणपुरक सङ्ख्या ५१ प्रतिशत पुगेको हुनुपर्नेछ । नगर बालसञ्जालको कार्यावधि दुई वर्षको रहने छ । कार्यावधि समाप्त हुनु अगावै नगरस्तरीय भेलाबाट पुनः पुनरगठन गर्ने व्यवस्था मिलाईने छ ।

## २.४.बाल क्लव/सञ्जाल गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण

Scanned with CamScanner

(१) बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्न र एक आपसबाट सिकाईका अवसर सृजना गर्न वडा तथा नगरस्तरमा बाल सञ्जालको गठन गर्न सकिने छ ।

(२) बाल सञ्जाल वडास्तरीय एवम् नगरस्तरीय हुनेछन् ।

(३) बाल सञ्जाल गठन गर्नका लागि वडास्तर बाल क्लबहरूको प्रतिनिधि भेलाको आयोजना गर्नु पर्नेछ । भने नगर स्तरीय बालसञ्जाल गठन गर्न सबै वडाका बालसञ्जालबाट एक जना बालिका र एक जना बालकको उपस्थितिलाई सुनिश्चित बनाईने छ ।

(४) भेलामा सञ्जालले समेट्ने क्षेत्रका (समुदाय, विद्यालय तथा विषयगत) बाल क्लब/सञ्जालहरूलाई भेलाको मिति भन्दा १० दिन अगावै सूचना प्रदान गर्नुपर्दछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछ :

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरू,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बालक्लबको प्रतिनिधि सङ्ख्या (जातजाति, लिङ्ग समेत तय गरिएको भए सो समेत)

(घ) अन्य आवश्यक विषयवस्तु ।

(५) बाल क्लबका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गर्नु पर्ने छ ।

(क) आफ्नो बालक्लवमा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ, ।

(ग) समुदायमा आधारित बालक्लवको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति लिनुपर्ने छ ।

(६) बाल क्लबले भेलामा दुई वा सो भन्दा वढी सहभागी माग भएको अवस्थामा वालक, वालिका तथा सबै जातजातिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गराउनु पर्नेछ ।

Scanned with CamScanner

(झ) विद्यालयमा आधारित बालक्लब गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गरिनु पर्दछ । भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, सरंक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नु पर्नेछ ।

(ञ) विषयगत बालक्लब गठन गर्दा स्थानीय समुदायमा वा विद्यालय जहाँ गठन गर्ने हो, त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

(ट) नगरस्तरीय बाल सञ्जालको गठन गर्दा महानगरका सबै वडा बालसञ्जालको प्रतिनिधित्व गराउनुपर्ने छ, साथै नगर बालभेलामा प्रत्येक वडा बाल सञ्जालबाट एक बालक र एक बालिकाको उपस्थिति गराउनुपर्ने छ ।

## २.५ नेतृत्व चयन :

(१) भेलामा सहभागी बालबालिकाको सहमति भएमा देहायको आधारमा बालक्लब/सञ्जालको नेतृत्व चयन गर्न सकिने छ । कुन विधिबाट नेतृत्व चयन गर्ने भन्ने निणर्य स्वयं उपस्थित बालबालिका बीच छलफल गरी तय गर्नुपर्नेछ,

**(क) बहुपदीय नेतृत्व :**

बाल क्लब/सञ्जालमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा विषयगत संयोजकहरू तय भएको नेतृत्व हुने छ ।

**(ख) चक्रिय नेतृत्व :**

बाल क्लब/सञ्जालमा निश्चित सङ्ख्यामा कार्यसमिति सदस्य बनाईनेछ । कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव वन्ने । यही प्रक्रिया आगामी बैठकहरूमा दोहोरिँदै जान सक्ने व्यवस्था मिलाउन सकिने ।

(२) समुदाय/टोल तथा विद्यालय स्तरीय बाल क्लबको कार्यसमिति सङ्ख्या ११ देखि १३ सदस्यीय सम्म बनाउन सकिने छ ।

(३) बालक्लवले आवश्यकता अनुसार विभिन्न उपसमितिहरू गठन गरी कार्यक्रमहरू गर्न सक्नेछन् । यस्तो उपसमितिमा ३ देखि ९ जना सम्म सदस्य रहन सक्नेछन् ।

प्रमुख

Scanned with CamScanner

(४) बालक्लबको नेतृत्वमा बालिका, जनजाति बालबालिका, दलित बालबालिका र अपाङ्गता भएका बालबालिकाहरुलाई अनिवार्य समावेश गर्नुपर्नेछ ।

(५) बाल क्लब/सञ्जालको पदाधिकारीमा बालक र बालिकाको सङ्ख्या सकेसम्म बराबरी हुने गरी छान्नुपर्नेछ ।

(६) एकै जना (बालक वा बालिका) दुई वा सो भन्दा बढी बालक्लबको नेतृत्वमा बस्न पाउने छैनन्, तर बाल क्लबको नेतृत्वमा रहेका सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछन् ।

(७) प्रत्येक बालक्लवको कार्यकाल २ बर्षको हुनेछ ।

(८) एकै व्यक्ति बाल क्लबको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको रुपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन तर कार्यसमितिको सदस्य भने बस्न फरक पर्ने छैन ।

(९) १२ वर्ष भन्दा कम र १६ वर्ष माथी उमेर समूहका बालबालिका बालक्लब/सञ्जालको नेतृत्वमा छनौट हुने छैनन् ।

(१०) बाल क्लब/सञ्जालका सदस्यहरूमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरू आएमा देहायको अभ्यास गर्न सकिने छ,

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल क्लब/सञ्जाललाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्नसक्ने ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरू मात्र छलफल गरी सहमतिमा अग्रसर हुने ।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने, तर सहमतिमा यो बाध्यकारी हुने छैन ।

(घ) समितिले आवश्यकताको आधारमा उप समितिहरुको निर्माण गरी नेतृत्व गर्ने जिम्मेवारी प्रदान गर्ने ।

(ङ) भेलाले आपसी सहमतिमा समिति निर्माण गर्न नसकेकामा मतदान प्रकृयाद्धारा समिति निर्माण गर्ने छ । सोको सहजीकरण सरंक्षक शिक्षक, बालमैत्री अभियन्ता वा सहजकर्ताहरुबाट गरिने छ ।

**२.६. बाल सञ्जालको गठनका लागि सूचना तथा भेलाको आयोजना :**

Scanned with CamScanner

(७) सञ्जाल भेलामा सहभागी हुने बालक्लब प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नेछ ।

(८) सञ्जालको नेतत्व चयन भेलाको सहमतिको आधारमा दफा २.७ मा व्यवस्था भए बमोजिमको हुनेछ ।

## २.७. नेतृत्व चयनमा प्रतिस्पर्धा र सहकार्यको व्यवस्थापन

(१) बाल क्लब तथा सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माफ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मवेरीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(३) बालबालिकाका माफ हुने प्रतिस्पर्धामा वयस्कहरूको स्वार्थ, चाहना र प्रभावबाट मुक्त राख्नुपर्नेछ ।

## २.८. आवद्धता तथा सूचीकरण

(१) समुदाय तह तथा विद्यालय तहमा गठन भएका बाल क्लबहरू गठन भएको एक महिना भित्र सम्बन्धित वडा कार्यालयका साथै महानगरमा सूचीकृत हुनुपर्ने छ । वडा कार्यालयमा सूचीकृत भएका बाल क्लब/सञ्जालको विवरण सम्बन्धित वडा कार्यालयले नियमित रुपमा महानगरको महिला, बालबालिका तथा समाजकल्याण शाखामा पठाउनु पर्नेछ ।

(२) विद्यालय तहमा गठन भएका बाल क्लबको आवद्धता स्वयम् विद्यालयसँग, समुदायमा गठन भएका बाल क्लबको आवद्धता वडा कार्यालयसँग र वडास्तरीय बालक्लबको आवद्धता नगर कार्यपालिकाको कार्यालयसँग रहनेछ ।

(३) बालक्लब/सञ्जाल सूचीकरण हुँदाको नाम, उद्देश्य, कार्यसमितिका पदाधिकारी तथा सदस्यको नाम, (जन्मदर्ता सहित) सहजीकरण गर्ने व्यक्ति/संस्थाको नाम र सम्पर्क ठेगाना खुलाइएको हुनुपर्नेछ ।

Scanned with CamScanner

(४) सूचीकृत बाल क्लबहरू तोकिएको समयमा अद्यावधिक गर्न सकिनेछ । यसरी अद्यावधिक हुँदा सम्बन्धित क्लबले अद्यावधिक गर्ने व्यहोराको निवेदन, बाल क्लब/सञ्जालको वार्षिक भेलाका उपस्थिति र विद्यमान कार्यसमितिको नामावली ( जन्मदर्ता सहित) सहजीकरण गर्ने व्यक्ति/संस्थाको नाम र सम्पर्क ठेगाना र बाल क्लब/सञ्जालले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न गतिविधिको कार्य प्रगति सलंग्न गर्नु पर्नेछ ।

(५) विद्यालयमा आधारित बाल क्लब अद्यावधिक गर्ने कार्यका लागि सम्बन्धित विद्यालयमा नै आवश्यक व्यवस्था मिलाउनुपर्नेछ ।

(६) आवद्धता तथा सूचीकरणका लागि बालक्लब/सञ्जालको नाम भेलाका सहभागी बालबालिकाले आपसी सहमतिमा जुराउन सक्नेछन् । बाल क्लबको नाम त्यसै क्षेत्रको अर्को बाल क्लबको नामसँग मिलेमा दोहोरो पर्ने गरी राख्न सकिने छैन ।

(७) बाल क्लबको नामसँग कुनै पनि निजी वा गैर सरकारी संस्थाको नाम जोड्न सकिने छैन ।

(८) बाल क्लब/सञ्जालको सूचीकरण तथा नवीकरणका लागि सहजीकरण गर्ने निकाय, व्यक्ति अनिवार्य उपस्थित हुनु पर्नेछ ।

## परिच्छेद ३ :

## बालमैत्री अभियन्ता/सहजकर्ता सम्बन्धी व्यवस्था

### ३.१. बालमैत्री अभियन्ता/सहजकर्ता /संस्था/ निकाय /व्यक्तिहरू:

(१) बाल क्लब/सञ्जालको गठन तथा सञ्चालन गर्न तोकिएको सहजकर्ता/संस्थाको प्रतिनिधित्वको अनिवार्यता रहनेछ ।

(२) प्रत्येक बाल क्लब/सञ्जालका लागि एक बालमैत्री अभियन्ता, सहजकर्ता वा सहजकर्ता संस्था हुन जरुरी हुनेछ ।

Scanned with CamScanner

(१) बालक्लब गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्दा सामान्यतया देहायका सिद्धान्त तथा प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(क) समुदायमा आधारित बालक्लब गठन गर्न चाहने व्यक्ति तथा संस्थाले बालक्लब गठन गर्ने औचित्य र कारणहरू समेत स्पष्ट पारी न्यूनतम सात दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अविभावकहरूलाई खुल्ला सूचना दिनुपर्नेछ ।

(ख) सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्वारा बोलिने मातृ भाषाको प्रयोग गर्नुपर्नेछ ।

(ग) सूचना उपलब्ध गराउदा महानगरपालिका वा वडा कार्यालय, टोल विकास संस्था, नागरिक सूचना केन्द्र, सामुदायिक/सहकारी तथा महिला संस्थाका कायार्लयहरू, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिन सकिने छ ।

(घ) समुदाय तह/टोलस्तरमा बालक्लब गठन गर्ने भेलामा सामान्यतया पच्चीस जना बालबालिकाको उपस्थिति हनु पर्नेछ ।

(ङ) भेलाको आयोजना गर्दा बालबालिकाको लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सावर्जनिक स्थल वा भवनहरूमा आयोजना गर्नु पर्नेछ ।

(च) भेलामा छलफलका विषयहरु बालअधिकारको अवधारणा, बाल संरक्षण, बाल सहभागिताको अधिकार, बाल सहभागिता, नीतिगत व्यवस्थाहरू, महानगरमा बाल क्लब गठन गर्नुको कारण र योजना, बाल क्लबको मुख्य उद्देश्य र कार्यक्रमहरू रहन सक्नेछन ।

(छ) बालअधिकार बारे अभिमुखीकरण तथा जानकारीहरू प्रदान गर्दा सरल र बालबालिकाले सहजै बुझ्ने भाषामा हुनुपर्दछ । यदि बहुसङ्ख्यक सहभागी नेपाली भाषा बुझ्ने खालका छैनन् भने स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउन सकिनेछ ।

(ज) भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति र लिङ्ग समेत जनाउने गरी उपस्थिति गराउन सकिने छ ।

प्रमुख

Scanned with CamScanner

(३) अभियन्ता/सहजकर्ताले बाल क्लब/सञ्जालको बैठक, आयोजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने बालबालिकाको सरोकारको क्षेत्रमा उपयुक्त उपायहरू सुझाउने तथा श्रोतमा उनीहरूको पहुँच बढाउन सहयोग गर्नु पर्नेछ।

(४) बाल क्लब/सञ्जालका गतिविधी र त्यसबाट उत्पन्न परिणाम प्रति सहजकर्ता, सस्था वा निकायको नैतिक जिम्मेवारी रहने छ।

(५) समुदायस्तरको बाल क्लबको सहजकर्ता छनौट सम्बन्धित टोल विकास संस्थाले, विद्यालयस्तरको बाल क्लबको सहजकर्ता शिक्षक सम्बन्धित विद्यालयले र वडास्तरको बाल सञ्जालको सहजकर्ता सम्बन्धित वडा समितिले गर्नुपर्नेछ।

(६) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक सहजकर्ता स्थानीय व्यक्ति हुनुपर्नेछ।

## ३.२. बाल क्लबको सहजकर्ता/बालमैत्री अभियन्ता हुनका लागि चाहिने योग्यता

(क) बाल क्लबका पूर्वसदस्य भएकालाई पहिलो प्राथमिकता दिइनपुर्नेछ।

(ख) सहजकर्ताका लागि न्यूनतम १२ कक्षा उत्तीर्ण तथा १९ देखि ५० वर्ष उमेर समूहको व्यक्ति हुनेछन्, तर विद्यालय शिक्षकको हकमा भने उमेर हद लागू हुने छैन।

(ग) बाल अधिकारबारे जानकार, सचेत, बाल संवेदनशील तथा संभव भएसम्म तालिम प्राप्त गरेको।

(घ) बालमैत्री व्यवहार बारे सचेत र अभ्यस्त रहेको।

(ङ) बालबालिका प्रति सकारात्मक धारणा राख्ने।

(च) बालबालिका विरुद्ध कुनै पनि हिसां नगर्न प्रतिबद्ध भएको।

(छ) कुनैपनि राजनीतिक दल वा राजनीतिक सङ्गठनको सक्रिय जिम्मेवारीमा नरहेको।

(ज) फौजदारी अपराधमा सलंग्न नभएको।

(झ) स्थानीय समुदायमा बसोबास भएको।

(ञ) मदिरा, सुर्ती, चुरोट, लागू औषधको अम्मल नभएको।

Scanned with CamScanner

## ३.३ बालमैत्री अभियन्ता/.सहजकर्ताको भूमिका र सीमितता

(१) स्थानीय तहमा बालअधिकारप्रति प्रतिबद्ध, स्वयंसेवी भावनाको र दफा ३.२ मा उल्लेख गरिएको योग्यता भएको व्यक्ति हुनेछन् र यस्ता सहजकर्ताले बाल क्लबमा देहायका भूमिकाहरू निर्वाह गर्नु पर्नेछ,

(क) बाल क्लब/सञ्जालको बैठक, योजना तथा कार्यक्रम र निर्माण कार्यान्वयनमा सहजीकरण।

(ख) बाल क्लब/सञ्जाललाई स्थानीय सरोकारवाला निकायसँग सम्पर्क, सम्वन्ध विस्तार गर्न सहजीकरण गर्ने।

(ग) बाल क्लब/सञ्जालले गर्ने कार्यक्रमहरूका लागि स्थानीय श्रोतहरू जुटाउन सहयोग गर्ने।

(घ) बाल क्लब/सञ्जालका सामग्रीहरूको उपयुक्त प्रयोग भए नभएको अनुगमन गर्ने र सम्पत्तिको संरक्षण गर्ने।

(ङ) बाल क्लब/सञ्जाल सदस्यहरूमाझ आएका विवादहरूको समाधान गर्न सहयोग गर्ने।

(च) बाल क्लब/सञ्जाल र अन्य समुदाय बीच विवाद उत्पन्न भएमा त्यसको समाधानका लागि सहजीकरण गर्ने।

(छ) बाल क्लब/सञ्जाललाई बालअधिकार एवं बाल विकासका सवाल सम्बन्धी सूचना सामग्रीहरू उपलब्ध गराउन पहल गर्ने।

(ज) बालअधिकार, बालसहभागिता, बाल क्लब/सञ्जाल सहजीकरणका प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने।

(झ) बाल क्लब/सञ्जालका सदस्य आफ्नो समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनु परेमा संरक्षकको भूमिका निभाउने।

## ३.४. सहजकर्ताले बाल क्लब/सञ्जालको सहजीकरण गर्दा ध्यान दिनु पर्ने विषयहरु :

(क) बाल क्लब/सञ्जालको बैठक तथा छलफल स्वयं आफैले सञ्चालन नगर्ने।

(ख) बाल क्लब/सञ्जालको योजना तर्जुमा र निर्णय प्रक्रियामा हस्तक्षेप नगर्ने।

(ग) बाल क्लब/सञ्जाललाई कुनै निश्चित निर्णय गर्न नलगाउने वा निश्चित विषयमा आफ्नो धारणा नलाद्ने।

Scanned with CamScanner

(घ) वाल क्लव/सञ्जालका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा प्रतिनिधित्व नगर्ने ।

(ङ) वाल क्लव/सञ्जालका सदस्यहरूलाई हप्काउने, हिंसा तथा दुर्व्यवहार गर्ने वा धम्की दिने कार्य नगर्ने ।

(च) वाल क्लव/सञ्जालका सदस्यहरूमाझ जात, धर्म, लिङ्ग, उमेर, भाषा, भूगोल, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव नगर्ने ।

(छ) वाल क्लव/सञ्जालको सम्पत्ति, बचत रकम जथाभावी प्रयोग नगर्ने वा व्यक्तिगत हितमा उपयोग नगर्ने ।

(ज) वाल क्लव/सञ्जालका सदस्यहरूलाई एक अर्का विरुद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाति, समूह, सम्प्रदाय, दल तथा सङ्गठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न नलगाउने ।

(झ) वाल क्लव/सञ्जालका सदस्यहरूलाई हिसांत्मक गतिविधी, सावर्जनिक धनजनमा क्षति पुग्ने गतिविधी तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित नगर्ने ।

(ञ) वाल क्लव/सञ्जालका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदायबाट बाहिर पठाउने वा कार्यक्रमहरूमा सलंग्न नगराउने ।

(३.४) सहजकर्ताले दफा ३.३ मा उल्लेखित व्यवहार तथा गतिविधी गरेमा आवश्यक प्रमाण सहित नगर कार्यपालिका वा सहयोगी संस्था वा विद्यालयमा सरोकारवाला जो कोहीले उजुरी दिन सक्नेछन् । उल्लेखित गर्न नहुने व्यवहारको सम्बन्धमा सहजकर्ता नियुक्ति गर्ने संस्थाले त्यस्ता व्यक्तिसँग अग्रिम प्रतिबद्धता लिन सक्नेछ ।

(३.५) सहजकर्ताविरुद्ध परेको उजुरी र गुनासोको छानविन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई चेतावनी दिने सहजकर्ताबाट हटाउने वा आगामीं निश्चित अवधिसम्मका लागि सहजकर्ता बन्न रोक लगाउने वा अन्य आवश्यक कारवाही गरी पदबाट हटाउने कार्य नियुक्त गर्ने संस्थाले गर्न सक्नेछ ।

(३.६) उजुरीका छानविन तथा निर्णयमा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाई र स्पष्टीकरण राख्ने अवसरबाट वञ्चित गरिने छैन ।

प्रमुख

Scanned with CamScanner

परिच्छेद ४ :

## बाल क्लब/सञ्जालको बैठक तथा कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

### ४.१. नियमित बैठक तथा छलफलका विषयहरू

(१) बाल क्लब/सञ्जालको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा सबै सदस्यको पहुँचका दृष्टिकोणले उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) बैठकमा सहजकर्ताको उपस्थिति अनिवार्य हुनुपर्नेछ।

(३) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) उतार गरी राख्नु पर्नेछ।

(४) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुनसक्ने छ:

(क) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा

(ख) बाल क्लबका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा

(ग) स्थानीय बालअधिकारको सवाल र गर्नुपर्ने गतिविधी

(घ) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन र श्रोत सङ्कलन तथा आवश्यकता अनुसार अन्य विषयहरु।

### ४.२.कार्यक्रम योजना निर्माण

(१) देहायका अवस्थालाई ध्यान दिई बालबालिका सम्बन्धी योजना निर्माण गर्नुपर्नेछ।

(क) बाल क्लब/सञ्जालको बैठक तथा वार्षिक भेलाले योजना निर्माण गर्ने छ। यसरी योजना निर्माण गर्दा मासिकरुपमा एक कार्यक्रम तय गर्नुपर्नेछ।

(ख) बाल क्लब/सञ्जालको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेण्डर, विद्यालयको शैक्षिक क्यालेण्डरसँग नजुध्ने गरी बनाउनु पर्नेछ।

(२) बाल क्लब/सञ्जालको कार्यक्रम मूलत: देहायको विषयमा केन्द्रित हनुपुर्नेछ :

**(क) बालअधिकारको प्रचार प्रसार :**

Scanned with CamScanner

(ख) सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक एवम् भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्नेछ ।

(ग) प्रचलित कानुनबमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम् ठहरिने गतिविधीमा बालबालिकाले स्वयसेंवा गर्नसक्ने छैनन् ।

**(६) निर्णय प्रक्रियालाई प्रभावित पार्ने :**

बाल क्लब/सञ्जालहरूले सामूहिक रुपमा वा प्रतिनिधी मार्फत् बालअधिकारका सरोकारमा स्थानीय योजना तथा नीतिहरूमा सम्बोधन गराउनका लागि बाल भेला, अन्तरक्रिया, बाल सुनुवाइ, प्रतिनिधि मण्डल भेटघाट जस्ता कार्यक्रमहरू गर्न सक्नेछन् ।

**४.३. बाल क्लब/सञ्जालले सञ्चालन गर्न नसक्ने कायर्क्रमको सीमा:**

(१) कुनै राजनीतिक दल वा त्यसको भातृ सङ्गठनका पक्षपोषण वा विरोध गर्न ।

(२) समुदायको सावर्जनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउ ज्यान माथि क्षति पुऱ्याउने कार्य ।

(३) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

(४) हिसां र दुव्यर्वहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भङ्ग हुने र पहिचान खुल्ने गतिविधिहरू ।

(५) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू ।

तर प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालय भन्दा बाहिर गएर कायर्क्रम गर्न सकिनेछ ।

(६)उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर सहभागीहरू जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरु ।

(७) बालक्लबको कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनैपनि व्यापार, व्यवसाय गर्ने कार्यहरु ।

(८) सिङ्गो परियोजना सञ्चालन गर्ने वा ठूला र लामो समयका गतिविधीहरू सञ्चालन गर्ने कार्य ।

(९) सामाजिक रुपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरु ।

(१०) सामाजिक शान्ति सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वाल अधिकार कर्मी, टोल विकास संस्था तथा बालमैत्री स्थानीय शासन समन्वय समितिको परामर्शमा सरुक्षा निकाय वा महानगरपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरु ।

## परिच्छेद ५

## बाल क्लब/सञ्जालको सदस्यता सम्बन्धी व्यवस्था

### ५.१.सदस्यता वितरण र व्यवस्थापन

(१) बाल क्लबले स्वतन्त्र रुपमा आफ्नो सदस्यता वितरण गर्नसक्ने छ । बाल क्लबको सदस्य हुन सोही विद्यालयको विद्यार्थी वा सोही समुदायमा बसोबास भएको बालबालिका हुनुपर्नेछ ।

(२) कुनै बालबालिका सदस्य बन्न चाहेमा सामान्यतया बाल क्लबले सदस्य बनाउनु पर्नेछ ।

(३) कुनैपनि बालबालिकालाई सदस्य बन्नका लागि दवाव दिन पाइने छैन ।

(४) सदस्य नभएकै कारण बाल क्लबले आयोजना गर्ने खुला र सावर्जनिक कार्यक्रममा कुनै बालबालिकालाई सहभागी गराउन रोक लगाउन पाइनछैन ।

(५) सदस्यहरूको अभिलेख बाल क्लबले आफ्नै रजिष्ट्ररमा राख्न सक्नेछ । यसरी अभिलेख राख्दा देहायका विवरण उल्लेख हुनुपर्दछ :

Scanned with CamScanner

(क) वालवालिकाको नाम, थर,

(ख) ठेगाना,

(ग) उमेर, (जन्मदर्ताको प्रतिलिपि) लिङ्ग, (विद्यालयमा अध्ययनरत भए कक्षा समेत उल्लेख गर्ने),

(घ) अभिभावकको नाम, सम्पर्क फोन नम्बर, फोटो (उपलब्ध भएसम्म) ।

(६) वाल क्लवले आफ्नो सदस्यलाई सदस्यता-पत्र पनि वितरण गर्न सक्नेछ ।

(७) वाल क्लव/सञ्जालका सदस्यहरूका लागि न्यूनतम सदस्यता शुल्क तोक्न सकिनेछ । तर कुनै वालवालिकाले केही कारणवश सदस्यता शुल्क तिर्न नसकेकै कारणले उसलाई सदस्य बन्नबाट रोक्न सकिने छैन ।

(८) वाल क्लव/सञ्जालका सदस्यहरूले तिर्ने सदस्यता शुल्क वा नवीकरण शूल्क न्यून र स्थानीय अभिभावकहरूको क्षमताले धान्न सक्ने हुनुपर्नेछ ।

(९) वाल क्लव/सञ्जालमा विभिन्न श्रोतवाट जम्मा हुन आएको रकमको सरंक्षण विद्यालय व्यवस्थापन समिति वा स्थानीय वालमैत्री शासन समन्वय समिति वा सहजकर्ताले पारदर्शी ढङ्गले राख्नुपर्नेछ ।

## ५.२. प्रतिनिधित्व र सहभागिताको समान अवसरको व्यवस्थापन

वाल क्लव/सञ्जालका सदस्यहरूले उपयुक्त अवसरहरू प्राप्त गरी आफ्नो व्यक्तित्व विकास गर्न समान अवसर प्राप्त गरुन् भन्ने मान्यता बाल क्लबको नेतृत्व गर्ने समूहले राख्नुपदर्छ । बाल प्रतिनिधि र सहभागितामा देहायका विषयमा ध्यान दिनुपर्नेछ;

(क) समान अवसर र प्रतिनिधित्वका लागि विषयगत समूहहरू बनाएर सोही अनुसार नियमित वा पालैपालो प्रतिनिधित्व र सहभागिताको अवसर प्रदान गर्ने ।

(ख) आयोजक संस्था वा निकायले तोकेको अवस्थामा बाहेक पालैपालो सबै सदस्यहरूलाई सहभागिताको अवसर दिनुपर्नेछ ।

(ग) बाल क्लब/सञ्जालको प्रतिनिधित्व गर्ने व्यक्तिले कुनै कायर्क्रममा जानु अघि आफ्नो क्लब/सञ्जालका सदस्य र सहजकर्तासँग आफूले के कस्ता सवाल उठाउने भनि छलफल र परामर्श गर्नुपर्नेछ ।

प्रमुख

प्रमुख

(घ) वाल क्लव/सञ्जालका सदस्य कुनै कार्यक्रम वा वैठकमा सहभागी भएपछि आफ्नो क्लव/सञ्जालका सदस्यहरू र सहजकर्ताको वैठक राखी आफू सहभागी भएको कार्यक्रमको वारेमा जानकारी दिनुपर्नेछ । प्रतिवेदन लेखेर वाल क्लव/सञ्जालको फाइल वा माइन्युटसँगै राख्नुपर्नेछ ।

## ५.३. सदस्य बीच रहेको फरक मतको सम्मान तथा कार्यक्रमको सहजीकरण

सामान्यतया वाल क्लव/सञ्जालमा सिर्जना हुने फरक मत देहायका उपायहरु अवलम्वन गरी समाधान गर्न सकिनेछ :

(१) बाल क्लव/सञ्जालको योजना निर्माण लगायतका छलफलमा सवै सदस्यहरूलाई स्वतन्त्र र छोटो रुपमा आफ्नो विचार राख्न लगाउनु पर्दछ ।

(२) बाल क्लव/सञ्जालको वैठक वस्ने, छलफल गर्ने तथा नेतृत्व चुन्ने प्रक्रियाका वारेमा आचारसंहिता निर्माण गर्नु पर्नेछ ।

(३) वाल क्लव/सञ्जालका सदस्यहरूमाझ कार्यक्रम आयोजना गर्ने सन्दर्भमा फरक प्रस्तावहरू प्राप्त भएमा ती कायर्क्रमहरूको सूची बनाउने र सदस्यहरूलाई आपसी छलफल गरी कायर्क्रमहरूको प्राथमिकता साथ छनौट गर्न लगाउनु पर्नेछ । कार्यक्रमको छनौट गर्दा देहायका आधारमा गर्नु पर्नेछ ।

(क) बालबालिकाले रुचिकर मान्ने, श्रृजनात्मक, खेलकुद तथा बौद्धिक विकासका कायर्क्रमहरूलाई पहिलो प्राथमिकता दिने ।

(ख) बालअधिकारको प्रचार प्रसार हुने र अविभावक, निर्णयकर्ताहरू तथा समुदाय माझ बालबालिकाको सरोकारहरू प्रस्तुत गरिने कार्यक्रमहरूलाई प्राथमिकता दिने ।

(ग) बाल क्लब/सञ्जालले गर्न नहुने भनेको कायर्क्रमहरू छनौट नगर्ने ।

(घ) वाल क्लब/सञ्जाललाई धेरै आर्थिक भार पर्ने तथा लामो समय लाग्ने कायर्क्रमहरू छनौट नगर्ने ।

(ङ) समुदाय र समुदायका अन्य संस्थाहरूसगँ द्वन्द्व वा मनमुटाव हुनसक्ने कायर्क्रमहरू नगर्ने ।

(च) धेरै दिन विद्यालय शिक्षालाई असर पर्ने वा कक्षा छाडी तयारी गर्नुपर्ने कायर्क्रमहरू नगर्ने ।

Scanned with CamScanner

(छ) अन्य बाल क्लब/सञ्जाल वा संस्थाले भर्खरै गरिसकेको समान किसिमका कार्यक्रमहरू भए त्यसलाई प्राथमिकतामा पछाडि राख्ने ।

(४) बाल क्लब/सञ्जालका सदस्यहरूमाझ स्थानीय सरोकारका विषयमा फरक विचार वा धारणाहरू आएमा ती धारणाहरूलाई समावेश गरी साझा धारणा बनाउनु पर्छ । यसका लागि देहायका कार्यहरू गर्न सकिनेछ ।

(क) बालक्लबका सदस्यहरूलाई सम्बन्धित विषयमा पालैपालो आफ्ना विचारहरू छोटकरीमा राख्न दिने । विचार राख्दा अरुको विचारलाई गलत भन्ने, होच्याउने वा सिधै नकार्ने विषयलाई प्रश्रय नदिने ।

(ख) फरक–फरक धारणाहरूलाई समेटेर कुनै सदस्यले एकै धारणा प्रस्ताव गर्न लगाउने ।

(ग) यदि नितान्त विपरीत धारणाहरू आएमा बाल क्लब/सञ्जालको बैठकमा ती फरक धारणाहरूलाई र त्यसलाई समर्थन गर्ने सदस्य सङ्ख्या पनि लेख्ने ।

तर, बहुमत सदस्यहरूले व्यक्त गरेको धारणा अनुसार बाल क्लब/सञ्जालका गतिविधि सञ्चालन गर्न सकिने ।

(५) बाल क्लब/सञ्जालका सदस्यहरू माझ आर्थिक तथा सङ्गठन व्यवस्थापनका विषयमा फरक धारणा भएमा देहाय बमोजिम सहजीकरण गर्न सकिनेछ ।

(क) बाल क्लब/सञ्जाल सदस्यहरू माझ नै फरक मतको विषयमा छलफल गरी आपसी सहमति श्रृजना गर्ने,

(ख) बाल क्लब/सञ्जालका सदस्यहरूले उठाएको फरक मतको विषय र उनीहरूले दिएका तर्क तथा प्रमाणहरूको सूची बनाउने र

(ग) विद्यालयको हकमा प्रधानाध्यापक वा समुदायमा आधारित बाल क्लबको हकमा सम्बन्धित टोल विकास संस्थाको अध्यक्षले फरक मतमा अध्ययन गरी निणर्य प्रदान गर्ने ।

(६) बाल क्लब/सञ्जाल भित्र आउने फरक मतको समाधान गर्न बैठकमा सहजकर्ता र सम्बन्धित टोल

विकास संस्थाको अध्यक्षले सहजीकरण गरेका हुनेछन् ।

## परिच्छेद ६ :

## बालक्लब/सञ्जालको आर्थिक सहायता तथा कोष व्यवस्थापन

### ६.१. आर्थिक व्यवस्थापन

(१) बाल क्लब/सञ्जालको आर्थिक कोषमा देहायको रकम रहनेछ ।

(क) स्वेच्छिक रुपमा उठेको सदस्यहरूको नवीकरण वा मासिक शुल्क,

(ख) चन्दा तथा सहयोग,

(ग) सामाजिक संघसंस्था/व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता,

(ङ) महानगरपालिकाबाट प्राप्त हुने आर्थिक सहायता,

(च) स्थानीय समूह तथा निजी क्षेत्रहरूबाट प्राप्त हुने सहायता र

(छ) अन्य आय ।

(६.२) बाल क्लब/सञ्जालले आर्थिक सहायता माग गर्दा सामान्य निवेदन दिए पुग्नेछ । बाल क्लब/सञ्जालका लागि सामान्यतया पाँच हजार रुपैयाँभन्दा बढीको सहयोग दिनुपरेमा नगद प्रदान नगरी सोझै जिन्सी वा सेवा खरिद गरी सहयोग गर्न पनि सकिनेछ ।

(६.३) बाल क्लब/सञ्जालको आर्थिक कारोवार प्रचलित सामान्य लेखाको सिद्धान्त अनुसार हुनेछ । साथै बालक्लब/सञ्जाललाई सोझै परियोजना वा अभियान सञ्चालन गर्नका लागि सम्झौता गरी रकम प्रदान गर्न सकिने छैन ।

(६.४) बाल क्लब/सञ्जालले आफ्नो गतिविधि सञ्चालन गर्न आफ्नो विद्यालय वा समुदायमा आर्थिक स्रोत सङ्कलनका लागि बालमैत्री कार्यक्रमहरू आयोजना गर्न सक्नेछन । यस्ता कृयाकलापमा देउसी-भैलो,

प्रमुख

Scanned with CamScanner

सांस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता जस्ता कार्यक्रमहरु हुन सक्नेछन् । यस्ता कार्यक्रम आयोजना हुँदा आवद्ध निकायको स्वीकृति, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ ।

(६.५) बाल क्लब/सञ्जालले सङ्कलन गरेको रकम उनीहरूले आयोजना गर्ने वालमैत्री गतिविधि तथा बालबालिका सम्बन्धी आपतकालीन अवस्थाहरुमा खर्च गर्न सकिने छ, तर भौतिक पूर्वाधारहरूको निर्माण तथा मर्मत सम्भार जस्ता कार्यहरुमा खर्च गर्न पाइने छैन ।

(६.६) बाल क्लब/सञ्जालको वार्षिक आयव्यय विवरण सामान्य ढाँचामा उल्लेख गरी राख्नुपर्नेछ । बाल क्लब/सञ्जालको बृहत गतिविधि सञ्चालन गर्न परेमा सहजकर्ताले आर्थिक व्यवस्थापन र सहजीकरणमा सहयोग गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाव किताव बालक्लव/सञ्जालवाट अनुमोदन गराउने तथा दुई हप्ता भित्र आर्थिक कारोवारको फरफारक गर्नु पर्नेछ ।

(६.७) बैङ्क वा वित्तिय संस्थामा खाता सञ्चालन गर्न बालक्लव/सञ्जालले आफ्ना सल्लाहकार एवं सहजकर्ता मध्ये बाट १ जना र आफुमध्ये २ जना गरी तीन जनाको संयूक्त दस्तखतबाट खाता सञ्चालन गर्न सक्नेछन् । कोषबाट रकम झिक्नु पर्दा बालक्लव/सञ्जालको निर्णय अनिवार्य रुपमा हुनु पर्ने छ । बाल क्लव/सञ्जालको निर्णय अनुसार कोषको रकम खर्च गर्न सकिने छ ।

## परिच्छेद ७ :

## बालक्लब /सञ्जाल र अन्य निकायहरू बीचको सम्बन्ध र सहकार्य

### ७.१. महानगरपालिकासँगको सम्बन्ध र सहकार्य

(१) सबै बाल क्लब/सञ्जालहरू आफ्नो वडा कार्यालय वा नगर कार्यपालिकाको कार्यालयमा तोकिएको विधि र प्रक्रियामा सूचीकृत तथा नवीकरण हुनेछन् ।

(२) महानगरपालिकाले आफ्नो क्षेत्रभित्रको बाल क्लब/सञ्जालको विवरण अद्यावधिक गर्ने र सरोकारवाला निकायमा आदान प्रदान गर्न सक्नेछ ।

(३) महानगरले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बाल क्लब/सञ्जालका गतिविधि, वाल क्लब/सञ्जाल र सहजकर्ताको प्रशिक्षण तथा बाल क्लब/सञ्जाल प्रतिनिधिको परामर्श जस्ता कायर्क्रमहरूमा विनियोजन गरेको हुनेछ।

(४) बाल क्लब/सञ्जालले महानगरसँग सामुदायिक विकासका कृयाकलापहरुमा बालवालिका सम्बन्धी योजना तथा कायर्क्रम, सुविधा र उपलब्धीहरूको बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरू प्रचार–प्रसार गर्ने तथा कार्यक्रम र सेवाहरूको अनुगमन गर्ने सक्नेछन्।

(५) बाल क्लब/सञ्जालले महानगरपालिकासँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको अनुरोध गर्न सक्नेछ।

(६) बाल क्लब/सञ्जालले आफूले सम्पादन गरेका कार्यक्रमहरूको सूची र विवरण सहितको प्रतिवेदन तोकिएको ढाँचामा वडा कार्यालय तथा महानगरपालिकामा उपलब्ध गराउनुपर्ने छ।

## ७.२. बालबालिका सम्बन्धी स्थानीय समितिसगँको सम्बन्ध र सहकार्य

(१) महानगर भित्र गठन भएका नगरस्तरीय तथा वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, टोल विकास संस्था, स्थानीय मानव बचेबिखन नियन्त्रण समिति, नगर शिक्षा समिति र स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, नगर स्वास्थ्य समिति, स्थानीय खानेपानी तथा सरसफाई समिति जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समिति हुन सक्नेछन्।

(२) यी समितिहरूमा बालक्लब वा सञ्जालका प्रतिनिधिहरू सदस्य वा पर्यवेक्षकका रुपमा सहभागी गराउन सकिनेछ।

(३) यस्ता समितिहरूको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास, बालबालिकासँग साझेदारीमा गरिने गतिविधिहरू तय गरी समावेश गर्न सकिनेछ।

(४) यस्ता समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बाल क्लब/सञ्जाल तथा बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई महानगरको योजना प्रक्रियामा पैरवी गर्न सक्नेछन्।

Scanned with CamScanner

(५) बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नुपर्ने समस्याहरूमा सम्बोधन गर्न सम्बन्धित निकायहरूबीच समन्वय गर्ने तथा बालक्लब/सञ्जालका गतिविधिहरूलाई प्रोत्साहन गर्न उत्कृष्ट बालक्लब/सञ्जाल पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सकिने छ ।

## ७.३. बाल सहभागिता प्रवर्द्धनमा विद्यालय व्यवस्थापन समितिको भूमिका

(१) विद्यालयमा रहेका बाल क्लबहरू विद्यालय व्यवस्थापन समितिसँग आवद्ध गर्नुपर्ने छ ।

(२) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनाको निर्माण गर्दा बालबालिकासँगको परामर्शमा बालक्लबका गतिविधिलाई सहयोग पुऱ्याउने कायर्क्रमहरू राख्न सकिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिमा बाल क्लबका प्रतिनिधि एक बालक र एक बालिकालाई स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सकिने छ र यस्ता बैठकहरूमा बालबालिकाका सरोकारका विषयहरु प्रस्तुत गर्न लगाउन सकिनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने सवेंदनशील र विवाद श्रृजना हुनसक्ने विषयहरू जस्तै : शिक्षक नियुक्ति र कारवाही, निर्माणको ठेक्का पट्टा तथा अनियमितता जस्ता विषयको छलफलमा बालबालिकालाई प्रत्यक्ष र निर्णायक सहभागी बनाइने छैन ।

(५) विद्यालयमा रहने शिक्षकको व्यवहारिक सीप तथा शैलीको विकास (बालमैत्री शिक्षण विधि), बालमैत्री भौतिक संरचनाको निर्माण स्वरुप र गुणस्तरका विषयहरूमा भने बाल क्लबका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव सङ्कलन गर्न सकिनेछ ।

## ७.४. अन्य सघंसंस्था तथा सेवा प्रदायक निकायहरूको भूमिका:

(१) महानगरपालिका भित्र क्रियाशिल विभिन्न संघ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल क्लब/सञ्जालका प्रतिनीधिहरूसँग परामर्श गर्नुपर्नेछ ।

(२) यस्ता संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको लागि निःशुल्क उपलब्ध सेवा सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचारप्रसार गर्न, सेवाको विषयमा सरोकारवाला बीच सञ्चार एवं कार्यक्रमको प्रभावकारिताको अनगुमन गर्न बाल क्लब/सञ्जालसँग सहकार्य गर्न सक्नेछन् ।

Scanned with CamScanner

(३) सेवा प्रदायक निकायहरूले बाल क्लब/सञ्जालका सदस्यसँग सहकार्य र परामर्श कार्य गर्दा बालबालिकाको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सकिने छैन ।

(४) सेवा प्रदायकका निकायहरूले बाल क्लबका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न सकिने छैन ।

(५) सेवा प्रदायक निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सक्ने छैनन् ।

तर, न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्श गर्नमा भने वाधा पर्ने छैन ।

(६) सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्न सक्ने छैनन् ।

तर, यातायात खर्च र सहायक सामाग्री दिन फरक पर्ने छैन ।

## ७.५. महानगरपालिकाको योजना तर्जुमामा बाल क्लब/सञ्जाल का प्रतिनिधिको व्यवस्था

(१) महानगरबाट हुने योजना निर्माण प्रक्रियामा बाल क्लब/सञ्जालको प्रतिनिधित्व र सहभागिता अनिवार्य गर्न सकिनेछ ।

(२) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल क्लब/सञ्जालका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिने छ । भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गरिने छ ।

(३) नगरस्तर वा वडास्तरमा बाल भेलाको आयोजना गरी स्थानीय योजना निमार्णका लागि बालबालिकासंग परामर्श लिन सकिनेछ ।

(४) योजना निर्माण तथा बजेट विनियोजनमा बाल क्लब/सञ्जाललाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे छुट्टै सार्वजनिक सूचना जारी गर्न सकिने छ । यस्तो जानकारी सरल भाषामा उपलब्ध हुनुपर्ने छ ।

Scanned with CamScanner

## परिच्छेद ८ :

## बाल क्लब/सञ्जालको सम्मिलन र विघटन सम्बन्धी व्यवस्था

### ८.१. बाल क्लबको सम्मिलन

(१) दुई वा दुईभन्दा बढी एकै भौगोलिक क्षेत्र वा एकै विद्यालय भित्रका बालक्लबहरू सम्मिलन हुन सक्ने छन् तर फरक भौगोलिक क्षेत्र वा फरक विद्यालयका बाल क्लबहरू सम्मीलन हुन सक्ने छैनन् ।

(२) सम्मीलनमा जानका लागि चाहने बाल क्लबले सहजकर्ताको उपस्थितिमा सदस्यहरूको भेलाले सम्मीलनमा जाने निर्णय गर्नुपर्नेछ ।

(३) सम्मीलन गर्न चाहने सबै बाल क्लबले सहजकर्ता समेतको उपस्थितिमा सदस्यहरूको भेला आयोजना गरी माथि दफा २.३ को (क) र (ख) मा उल्लेख भएअनुसार नयाँ कार्यसमिति चयन गर्नुपर्नेछ ।

(४) सम्मिलन पश्चात् नयाँ कार्यसमिति गठन भएको एक महिनाभित्र महानगर र सम्बन्धित वडामा सम्मीलनको जानकारी गराउनु पर्नेछ ।

(५) यसरी सम्मीलन भएका बाल क्लबको सूचीकरण खारेज हुनेछ र नयाँ बाल क्लब सूचीकृत हुनेछ ।

### ८.२. बाल क्लब/सञ्जालको विघटन

(१) देहायको अवस्थामा बाल क्लब/सञ्जाल विघटन भएको मानिने छ ।

(क) बाल क्लब/सञ्जाल लगातार दुई वर्षसम्म वडा तथा महानगरमा अद्यावधिक नभएमा यस्ता बाल क्लब/सञ्जाललाई विघटन गरिनेछ ।

(ख) बाल क्लब/सञ्जालका बहुमत सदस्यहरूले बालक्लब/सञ्जाल बिघटन गर्ने निर्णय गरेमा ।

२) बिघटन भएका बालक्लब/सञ्जाल महानगरको सूचीकरणबाट स्वतः खारेज हुनेछन् ।

Scanned with CamScanner

(३) बिघटन भएका बाल क्लब/सञ्जालका दस्ताबेजहरू तथा चल अचल जिन्सी लगायतका सम्पत्ति सम्बन्धित विद्यालय वा वडा तथा महानगरले जिम्मा लिने छ र अर्को बाल क्लब/सञ्जाल गठन प्रयोजनका लागि प्रयोग गर्न सकिने छ।

तर अद्यावधिक नभएका बालक्लब/सञ्जाललाई विघटन गर्नुअघि तीन महिनाको समय राखि अद्यावधिक गर्नका लागि सूचित गरिनेछ।

## परिच्छेद ९

## विविध

### ९.१ बाल क्लब/सञ्जाल भित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरण

(१) बालक्लब/सञ्जाल भित्र दलगत राजनीतिक प्रभावलाई न्यूनीकरणका लागि देहायका उपाय अवलम्वन गर्न सकिनेछ।

(क) बाल क्लब/सञ्जालका सदस्यहरू तथा सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ सङ्गठनको नेतृत्वमा नरहेको व्यक्ति चयन हुने।

(ख) बाल क्लब/सञ्जाल तथा यसका सदस्यहरुले विभिन्न राजनीतिक दलहरूसँग बालअधिकार प्रवर्द्धन र संरक्षणका विषयमा खुला अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना ।

(ग) बालक्लबले कुनै एक राजनीतिक दल वा सङ्गठनसँग सयुंक्त कार्यक्रमहरू आयोजना नगर्ने।

(घ) बालक्लब/सञ्जालले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्ति बाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा श्रोत व्यक्ति नबनाउने।

(ङ) बाल क्लब/सञ्जालले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा हुनेगरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगर्ने।

(च) बालक्लब/सञ्जालले राजनीतिक दल वा भातृ संघ सङ्गठनका बारेमा विशेष जानकारी दिने वा उसको सदस्य बन्न प्रेरित गर्ने कायर्क्रम तथा गतिविधिहरू सञ्चालन नगर्ने ।

Scanned with CamScanner

## ९.२. बालक्लब/सञ्जाल भित्र सद्भाव, सद्व्यवहार र सुरक्षित अभ्यासको प्रवर्द्धन

(१) बालक्लब/सञ्जाल भित्र सद्भाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्द्धन गर्न देहाय अनुसार गर्नु पर्नेछ।

(क) बालक्लब/सञ्जालले आफ्नो सङ्गठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा छुट्टै आचारसंहिता निर्माण गरी कार्यान्वयन गर्नुपर्नेछ।

(ख) बालक्लब/सञ्जाल तथा यसका सदस्यहरूले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरूका विषयमा बोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गर्नु पर्नेछ।

(ग) बालक्लब/सञ्जालका सदस्यहरूलाई सामाजिक सद्भाव प्रवर्धन गर्न सबै धर्म, जातजाति र समुदाय बीच सम्मान गर्न उनीहरूको असल संस्कार, सस्कृति र अभ्यासहरूका बारेमा बुझ्न, विभिन्न समयमा विविध सास्कृतिक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ।

(घ) समुदाय वा विद्यालयमा रहेको बाल क्लबको नेतृत्वमा विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गर्न सकिनेछ।

(ङ). बाल क्लब/सञ्जालले बैठकबाट आफ्नो सस्कृति सम्बन्धी छलफलको प्रस्ताव नै बनाएर नियमित रुपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, सस्कृतिका बारेमा र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन सक्ने छन्।

## ९.३. बाल क्लब/सञ्जालका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन

(१) बाल क्लब/सञ्जालका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन सम्बन्धमा देहायअनुसार गर्नु पर्नेछ।

(क) बाल क्लब/सञ्जालले आयोजना गर्ने सबै गतिविधिहरूले बालबालिका तथा समुदायको हित प्रवर्द्धन नगर्न सक्छन, त्यस्ता बाल क्लबको गतिविधिहरूको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गर्न सकिनेछ।

(ख) बाल क्लब/सञ्जालका गतिविधिहरूका बारेमा प्रतिक्रिया दिन वा गुनासो व्यक्त गर्न सम्बन्धित संस्था, विद्यालय, वडा कार्यालय र महानगरपालिकामा सुझाव पेटिकाको स्थापना र सञ्चालन गर्न सकिनेछ।

(ग) सुझाव पेटिका मासिक रुपमा खोल्ने र प्राप्त सुझावहरूलाई लिखित रुपमा उल्लेख गरी रजिष्ट्ररमा अभिलेखीकरण गर्नुपर्नेछ ।

(ङ) प्राप्त सुझावहरूलाई सहजकर्ता र बाल क्लब/सञ्जालका प्रतिनिधिहरू बसी छलफल तथा प्राथमिकीकरण गरी सुझावका आधारमा बाल क्लब/सञ्जालका गतिविधिहरूमा सुधार गर्नुपर्नेछ ।

तर, सुझाव वा गुनासाको आधारमा मात्रै बाल क्लब/सञ्जाल विघटन गर्ने वा बाल क्लब/सञ्जालका गतिविधिहरूलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न सकिने छैन ।

(च) विद्यालयमा आधारित बाल क्लबका गतिविधिहरूका बारेमा समुदाय तथा अविभावक्हरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्नेछन् ।

**९.४. बाल क्लब/सञ्जालका क्रियाकलापहरुमा एकरुपता**

(१) महानगरले सबै बाल क्लब/ सञ्जालका क्रियाकलापलाई एकरुपता दिन अनुसुची १, २, ३, ४ र ५ अनुसारको निर्दिष्ट फ़ारम तथा ढाँचा प्रयोगमा ल्याउन सक्नेछ ।

# अनुसुचीहरू

**अनुसुची १**

**(बाल क्लब/सञ्जालको विवरण ढाँचा)**

**१. बाल क्लब/सञ्जालको परिचय :**

क) बाल क्लब/सञ्जालको नाम र ठेगाना :

ख) सूचीकरण नम्बर :

ग) बाल क्लब/सञ्जालको उद्देश्य:

घ) जम्मा सदस्य सङ्ख्या : बालक : बालिका:

२. बाल क्लब/सञ्जाल सङ्गठन

क) सदस्य बन्ने तरिका

ख) नेतृत्व चयन गर्ने तरिका

ग) विघटन हुने अवस्था

घ) सदस्य बन्न नपाउने व्यक्तिहरू

ङ) नेतृत्वमा चुनिन नपाउने व्यक्तिहरू

३.बाल क्लब/सञ्जालका सदस्यले पालन गर्नुपर्ने नियमहरू

क) सदस्य भइसकेपछि पालना गर्नुपर्ने नियमहरू

ख) नेतृत्वमा निर्वाचित भएपछि पालना गर्नुपर्ने नियमहरू

ग) बैठकमा पालना गर्नुपर्ने नियमहरू

घ) अन्य बाल क्लबका सदस्य, बालबालिका तथा निकायसँग गर्नुपर्ने व्यवहार सम्बन्धि नियमहरू

४. बाल क्लब/सञ्जालको आर्थिक श्रोत सङ्कलन

क) सदस्यता शुल्क

ख) नवीकरण शुल्क

ग) अन्य सहायता र श्रोतहरू

घ) आम्दानी जम्मा गरी राख्ने ठाउँ

ङ) आम्दानी र खर्च विवरण राख्न तोकिएको व्यक्ति

५ अन्य विषयहरू

प्रमुख

अनुसूची २

## बाल क्लब/सञ्जालका लागि आवश्यक आधारभूत सामग्रीहरू

१. बाल क्लब/सञ्जालको सामग्री राख्नका लागि बाकस वा दराज

२. माइन्युट कपी (निर्णय पुस्तिका)

३. कार्यक्रम विवरण लेख्नेकापी (कार्यक्रम पुस्तिका)

४. बाल क्लब/सञ्जालको नियम

५. बाल क्लब/सञ्जालका अध्ययन सामग्रीहरू

६. बाल क्लब/सञ्जालको आम्दानी र खर्च लेख्ने लेखा कापी (आय-व्यय पुस्तिका)

७. कलम

८. आवश्यकता अनुसार खेल, शैक्षिक तथा मनोरञ्जनमूलक सामग्रीहरू

अनुसूची ३

## (बाल क्लब/सञ्जालको बार्षिक कार्ययोजनाको नमूना फारम)

बाल क्लब/सञ्जालको नाम : ठेगाना :

सहजकर्ताको नाम र सम्पर्क नं : सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

Scanned with CamScanner

सूचीकरण नं. :..............................

आर्थिक वर्ष :

| नं. | कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनुसूची ४

## (बालक्लब/सञ्जालले सम्पन्न गरेका कार्य प्रगति विवरण फारम ढाँचा)

आर्थिक बर्ष :

बाल क्लब/सञ्जालको नाम :

ठेगाना:

सहजकर्ताको नाम र सम्पर्क न.:

सम्पर्क व्यक्तिको नाम र सम्पर्क फोन :

सूचीकरण नं. :..............................

आर्थिक वर्ष :

| सम्पन्न | विषय | कार्यक्रम भएको | सम्पन्न | खर्च भएको | सहभागी सङ्ख्या |
|---|---|---|---|---|---|

| कार्यक्रमको नाम | | स्थान | मिति | रकम र श्रोत | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची ५

(बाल क्लब/सञ्जाल बैठकको निर्णय (माइन्युट)को नमूना ढाँचा)

बाल क्लब/सञ्जालको नाम : ...................................... बैठक सङ्ख्या:

बैठक मिति : बैठक स्थान:

आज मिति ......................मा ...................... बाल क्लब/सञ्जालको बैठक यस क्लब/सञ्जालका श्री......................... को अध्यक्षतामा बस्यो। बैठकमा उपस्थित सदस्यहरू बीच तपशिलमा उल्लेखित प्रस्तावहरूमा छलफल गरी निर्णय गरियो।

बालक्लबका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति

सि.न. पद नामथर हस्ताक्षर

............

............

............

सहजकर्ता :

आमन्त्रित (कोही भए)

............

............

............

प्रस्तावहरू

क)

ख)

निणर्यहरू

क)

ख)

अनुसुची ६

(आवद्धता सम्वन्धी निवेदन पत्रको नमूना ढाँचा)

श्री बालकल्याण अधिकारीज्यू,

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

भरतपुर ।

विषयः बाल क्लब/सञ्जाल सूचीकृत गरिपाउँ ।

Scanned with CamScanner

महोदय,

हामीले ..............................बालक्लव/सञ्जाल नामको बालक्लव खोल्न चाहेकोले बालक्लब/सञ्जाल गठन तथा सहजीकरण निर्देशिका, २०७८ बमोजिम सूचीकृत गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं । निर्देशिकाको अनुसुची ५ बमोजिम बैठकको निर्णय प्रतिलिपि, बालक्लव/सञ्जालका पदाधिकारीहरुको जन्मदर्ताको प्रमाण-पत्रका प्रतिलिपीहरु यसैसाथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

**विवरण :**

बाल क्लब/सञ्जालको नाम : ठेगाना :

सहजकर्ताको नाम : सम्पर्क नं.:

सल्लाहकारको नाम : सम्पर्क नं.:

**बालक्लब/सञ्जालका पदाधिकारीहरुको विवरण :**

| नाम थर | पद | ठेगाना | जन्म मिति | जाति | लिङ्ग | कक्षा | सर्म्पक नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

……………………

सचिव

……………………

अध्यक्ष

अनुसूची ७

## (बालक्लब/सञ्जाल आवद्धता प्रमाण-पत्रको नमूना)

## भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

भरतपुर

वागमती प्रदेश, नेपाल

आवद्धता प्रमाण-पत्र नं.......

चितवन जिल्ला, भरतपुर महानगरपालिका वडा नं......... मा रहेका अठ्ठार वर्ष मुनिका बालबालिकाहरुको भेलावाट गठन भएको श्री........................................ बाल क्लब/वडा/नगर बाल सञ्जाललाई यस महानगरपालिकामा आवद्धता गराइएको जानकारी गराइन्छ।

यहाहरुको वालक्लव/सञ्जालले सबै वालबालिकालाई बालमैत्री वातावरणमा बाल अधिकारका सम्पूर्ण आधारभूत हक अधिकार प्रत्याभूति गर्नको लागि सक्रिय सहयोग गर्ने छ, भन्ने विश्वास लिइएको छ।

..........................

प्रमाणित गर्ने

बालकल्याण अधिकारी

..........................

पेश गर्ने

मिति :............................

Scanned with CamScanner

अनुसूची ८

## बालक्लब/सञ्जालका पदाधिकारी एवम् सदस्यहरुले पालना गर्नुपर्ने आचारसंहिता

(अर्थपूर्ण बाल सहभागिताको प्रवर्द्धन गर्ने उद्धेश्यले बालक्लब/सञ्जालका सदस्य बालबालिकाहरुलाई आफ्नो जिम्मेवारी प्रति निष्ठावान बन्न पालना गर्नुपर्ने आचारसंहिता)

१) बालक्लब/सञ्जालमा संलग्न बालबालिकाहरुले सामान्यतया कुनै पनि बालबालिका माथि जाति, धर्म, लिङ्ग, वर्ण, उमेर, वर्ग, उत्पत्ति, भूगोल आदिका आधारमा विभेद गर्ने छैनन् तर पछाडि पारिएका वा वञ्चितीमा परेका बालबालिकाको हकमा सकारात्मक प्राथमिकताको सूनिश्चितता गरिने छ ।

२) बालक्लब/सञ्जाल भित्र वा बाहिर रहेका कुनैपनि दौतरीको व्यक्तिगत कुरा सार्वजनिक गर्ने र टिका टिप्पणी, छेडखानी वा कटाक्ष भाव राखिने छैन ।

३) कुनैपनि बालबालिका माथि दुर्व्यवहार, शोषण, हिंसा, यातना, कुटपिट, भेदभाव र बेचविखन तथा ओसारपसार गरिने छैन । अरु कोही कसैबाट भएको थाहा पाएमा सम्बन्धित निकायमा सूचना दिइने छ ।

४) २० बर्ष उमेर नपुगी बिवाह गरिने छैन । अरु कोही कसैबाट बाल बिवाह हुदै गरेको थाहा पाएमा तत्काल प्रहरी वा सम्बन्धित निकायमा उजुरी/सूचना दिने छौ ।

५) निकृष्ट प्रकारका बालश्रम गरिने छैन, यदि कोही कसैबाट बालबालिकालाई निकृष्ट प्रकारका श्रममा लगाईएको पाइएमा सम्बन्धित निकायमा सूचना दिईने छ ।

६) अपौचारिक शिक्षामा बालबालिकाको संलग्नता बढाउने कार्यमा सक्रिय हुने छौ साथै विद्यालय भर्ना अभियानमा सहयोग पुऱ्याइने कार्य गरिनेछ ।

७) व्यक्तिगत अनुशासन कायम राख्दै, नियम र प्रक्रियाको पालना गरिनेछ ।

८) धुम्रपान, मद्यपान तथा लागूपदार्थको प्रयोगलाई पूर्णरुपमा निषेध गरिएको छ ।

९) अर्थपूर्ण बालसहभागिता र लोकतान्त्रिक नेतृत्वको प्रवर्द्धन गर्ने कार्यमा सहयोग पुऱ्याउन आवश्यक पहल गरिने छ ।

१०) बालक्लब/सञ्जालका सदस्यहरु सदा दलगत राजनीतिबाट तथष्ट तथा धर्म, वर्ण, संस्कृति र जातजातिको सङ्कीर्ण घेरा भन्दा बाहिर रहनेछौ ।

प्रमुख

Scanned with CamScanner

११) आफ्ना दौतरी प्रति सदा संवेदनशील र सहयोगी व्यवहार प्रदर्शन गर्ने छौ ।

१२) बालक्लव/सञ्जाल भित्र आर्थिक पारदर्शिता तथा आर्थिक अनुशासन कायम राख्नु पर्नेछ । साथै बालवालिकाको व्यक्तित्व विकास तथा क्षमता विकासमा जोड दिइने खालका श्रृजनात्मक क्रियाकलाप सञ्चालन गरिने छ ।

१३) बाल विज्याईलाई पूर्ण प्रतिवन्ध गरिएको छ ।

१४) बालक्लव/सञ्जालमा भएका गतिविधि तथा प्राप्त सूचनालाई व्यवस्थापन गरिने छ ।

१५) सेवा प्रदायक संघसस्था तथा सरोकारवाला निकायहरुसँग समन्वय विस्तार र सहकार्यमा जोड दिइने छ ।

१६) सबै खाले बालवालिकाको पँहुचमा वृद्धि र सेवाको सुनिश्चितता गर्न सदैब तत्पर रहने छौ ।

१७) बालक्लब/सञ्जालका सदस्यहरु आफ्ना दौतरी एवम् सम्पूर्ण बालवालिका प्रति जवाफदेही बन्नेछौ ।

**"सुनिश्चित बाल अधिकारः हामी सबैको सरोकार"**

आज्ञाले

(भोजराज खतिवडा)

प्रमुख प्रशासकीय अधिकृत